**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
# कृषि विकास निर्देशनालय
**हेटौंडा, मकवानपुर**

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०८३/०२/०५ गते)**

कृषि विकास निर्देशनालय, हेटौँडाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलबमोजिमको कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित कार्यक्रम सञ्चालन कार्यविधिमा तोकिएबमोजिमका सर्तहरू पालना गर्ने गरी साझेदारी गर्न इच्छुक बागमती प्रदेशभित्रका आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यविधिमा तोकिएबमोजिमका कागजातहरू संलग्न गरी कार्यालय समयभित्र यस कृषि विकास निर्देशनालय, हेटौँडामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरूउपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं. | कार्यक्रमको नाम | एकाइ | परिमाण | स्वीकृत बजेट (रु. लाखमा) | प्रस्तावक | निर्देशनालयको साझेदारी | स्वीकृत कार्यविधिको नाम |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) – पुष्प सजावट | पटक | १ | १० | १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र न्यूनतम एस.ई.ई वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको नेपाली नागरिक | सम्झौता रकमको बढीमा ५०% सम्म प्रोत्साहन रकम रु ५ लाख नबढ्ने गरी | कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२ |

**नोट**

- प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा सो दिनको भोलिपल्टलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन मानिनेछ।
- गत आ.व.मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त लाभग्राहीलाई यस कार्यक्रममा सहभागी गराइने छैन।
- उल्लेखित कार्यविधिहरूमा स्पष्ट नखुलेका विषयहरू प्रचलित कानुनबमोजिम हुनेछ।
- विस्तृत जानकारीका लागि यस निर्देशनालयको सूचनापाटीमा टाँस गरिएको सूचना वा फोन नं. ०५७-५९०५८८/९८५५०८६३६१ मा सम्पर्क राख्नुहुन वा निर्देशनालयको वेबसाइट **https://doad.bagamati.gov.np/** वा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट **http://moald.bagamati.gov.np/** बाट सम्बन्धित कार्यक्रम सञ्चालनका लागि तोकिएका कार्यविधि डाउनलोड गरी जानकारी लिन सक्नुहुनेछ।